घरपझोङ गाउँकार्यपालिकाबाट स्वीकृतः मिति २०७६ साल चैत्र १० गते

# घरपझोङ गाउँपालिकाको ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका २०७६

**१. परिचय :**

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सदभाव अभिवृद्धि गर्न साथै राज्यद्वारा तोकिएको सेवा एवम् सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची-८ को क्र.सं. १६ बमोजिमको कार्य गर्न **"ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका २०७६"**, जारी गरिएको छ ।

**२. परिचय -पत्र वितरणका आधार :**

नेपालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय-पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय -पत्र वितरणका आधार हुनेछन् ।

**३. उद्देश्य :**

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने ।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियमानुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरि विकास प्रक्रियामा सहभागी गराउने ।

**४. लक्षित वर्ग :**

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

**५. ज्येष्ठ नागरिकको वर्गीकरण :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहाय बमोजिम गरिएको छ ।

(क) सत्तरी वर्ष उमेर पुरा नगरेको ज्येष्ठ नागरिक,

(ख) सत्तरी वर्ष उमेर पुरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक,

घरपझोङ गाउँपालिका

(ग) असहाय ज्येष्ठ नागरिक ,

(घ) अशक्त ज्येष्ठ नागरिक ।

**६. परिचय-पत्र वितरणका मापदण्ड :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिनेछ ।

**७. ज्येष्ठ नागरिक परिचय -पत्रको ढाँचा :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को अनुसूची ३ बमोजिमको ढाँचालाई नै आधार मानी ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा यस निर्देशिकाको अनुसूची १ बमोजिमको हुनेछ । ज्येष्ठ नागरिक परिचय-पत्रको आकार (Size) नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बराबरको हुनेछ ।

**८. परिचय-पत्र वितरण प्रक्रिया :**

(क) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले घरपझोङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ ।यस प्रयोजनको लागि नागरिकताको प्रमाण-पत्रलाई आधार मानिनेछ ।

(ग) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी घरपझोङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको पदाधिकारी हुनेछ ।

(घ) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरूको लगत तोकिए बमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी गाउँपालिकाको कार्यालयमा राखी वार्षिक रुपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

(ङ) ज्येष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपी लिन सम्बन्धित वडा कार्यालयको सिफारिश सहित घरपझोङ गाउँपालिकामा निवेदन पेश गर्नु पर्नेछ ।

**९. विविध :**

(क) ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धमा माथि उल्लेखित व्यवस्था बाहेक प्रचलित कानुनको अधिनमा रही प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरे बमोजिम हुनेछ ।

(ख) यो निर्देशिका निर्माण भन्दा अगाडी यस गाउँपालिकाबाट वितरण गरेका सबै ज्येष्ठ नागरिक परिचय-पत्रहरु यसै निर्देशिका अनुसारको मान्य हुनेछ ।

अनुसूची १

ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा

घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जोमसोम, मुस्ताङ

**ज्येष्ठ नागरिक परिचय-पत्र**

फोटो

प.प.नं. :-

नाम थर :..................................................................

ना.प्र.नं. :........................................................

ठेगाना : जिल्ला मुस्ताङ , घरपझोङ गाउँपालिका , वडा नं.: ....................

टोल\गाउँ :...............................

उमेर :............................ लिङ्ग :..................................

उपलव्ध छुट तथा सुबिधाहरू :..................................................

पति\पत्नीको नाम :......................................................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरण :..................................

संरक्षकको नाम, थर, सम्पर्क ठेगाना, मोबाइल नं. :

...............................................................................................

रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नाम :

................................................................................................

प्रमाणित गर्ने अधिकृतको :-

दस्तखत :-

नाम थर :-

पद :-

कार्यालय :-

घरपझोङ गाउँपालिका